# शितगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
५ नं. प्रदेश, नेपाल

च.नं. ८३४ | मिति २०७४/१२/१५

विषय : मेलमिलापकर्ताको नाम उपलब्ध गराईदिने सम्बन्धमा ।

श्री...सबै... वडा कार्यालय

शि.न.पा. ............................ अर्घाखाँची

प्रस्तुत विषयमा यस नगरपालिकाको न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्य विधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ कार्यान्वयनको लागि सोही ऐनको दफा ५९ बमोजिम मेलमिलापकर्ताको सूचि तयार गरी नगरसभाबाट अनुमोदन गराउनु पर्ने र छनौट भएका मेलमिलापकर्तालाई मेलमिलाप सम्बन्धी आधारभुत तालिम समेत सञ्चालन गर्ने कार्यक्रम भएको हुँदा तहाँ वडाबाट २०७४/१२/३० गते भित्र तपशिलको योग्यता भएका ३ जना व्यक्तिको नाम वडा समितिबाट निणर्य गरी उपलब्ध गराईदिनुहुन अनुरोध गरिन्छ ।

(क) स्नातक उर्तीण गरेको ।

(ख) कुनै राजनैतिक दल प्रति आस्था राखी राजनितिमा सक्रिय नभएको ।

(ग) स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको ।

(घ) मेलमिलाप कर्ता सम्बन्धी तालिम लिई कार्य गदै आएको भएमा निरन्तरता दिन सकिने ।

(ङ) २५ वर्ष उमेर पुरा भएको ।

(च) सिफारिस गर्दा समावेशी सिद्धातलाई प्राथमिकता दिनु पर्नेछ ।

(छ) माथि उल्लेखित योग्यतामा जुनसुकै कुरा लेखिएको भएतापनि उक्त वडामा स्नातक उर्तिण गरेको वा मेलमिलाप सम्बन्धी तालिम लिएको व्यक्तिहरु नभएको अवस्थामा सिफारिस गरेको व्यक्तिहरुले (ख) र (ग) प्रावधान अनिवार्य रुपमा पालना गरेको हुनु पर्नेछ ।

पुनश्च : सिफारिस गरिएका व्यक्ति उपयुक्त नदेखिएमा मेलमिलाप कर्ताको सूचीमा समावेश गरिने छैन ।

थप जानकारीको लागि फोन नं ९८५७०६९८१५ मा सम्पर्क गर्नुहोला ।

हरि नारायण वेल्बासे
प्रमुख प्रशासकीय अधिकृत